# लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय राजनैतिक स्वरुप : एक विचार



– बृषेश चन्द्र लाल

केही बर्ष अघि प्रतिगमन बिरुद्धको आन्दोलनमा उर्जा पाउने आशामा नेपालका प्रमुख राजनैतिक पार्टीहरुका केन्द्रीय नेतृत्ववर्ग आ-आफ्ना पार्टीहरुमा देशको राजनैतिक पुनःसंरचनाको प्रस्तावप्रति सहमति जनाउँदा अहिलेको जस्तो परिस्थिति आउला र संघीय शासनको यस्तो जोडदार माग उठ्ला भन्ने पक्कै पनि सोचेका थिएनन् होलान् । संघीय शासनको पक्षमा चारैतिरबाट एकसाथ स्वर उठ्ला र त्यो स्वरको गहिराइ यतिविघ्न होला भन्ने थाहा पाएका भए यी पार्टीहरुका केन्द्रीय नेतृत्ववर्ग कुनै पनि हालतमा यस्तो सम्भावनालाई दबाउनतिर नै जान्थ्ये । यसका लागि उनीहरुको बीचमा अनौपचारिक र गोप्य सहमति पनि छिट्टै कायम हुन्थ्यो होला । राजनैतिक पार्टीहरुका केन्द्रीय नेतृत्ववर्गको यस्तो चरित्र हुनुको पछाडि बडो निर्णायक र महत्त्वपूर्ण कारण छ । सबै राष्ट्रीय राजनैतिक पार्टीका केन्द्रीय नेतृत्व एउटै जातिय वर्गका हुन् । सबै दलहरुको कमान पहाडी ब्राह्मण, क्षेत्री-ठकुरी र नेवारको हातमा छ । पहाडी ब्राह्मण र क्षेत्री-ठकुरीको जनसंख्या नेपालमा छरिएर बसेको तथा हरेक किसिमको सुविधा र वर्चस्व उपभोग गर्दै आएको जनसंख्या हो भने नेवार नेपालको राजधानी काठमाण्डौ उपत्यकाका मूल वासी हुन् र यिनी पनि हरेक किसिमको सुविधा र वर्चस्वको उपभोग गर्दै आएका छन् । यिनीहरुलाई देश संघीय शासनमा गए घाटा हुनेछ । देशको राजनैतिक र आर्थिक शक्ति केन्द्र र विभिन्न अवसरहरुमाथिबाट यिनको नियन्त्रण खुस्किनेछ । एकात्मक केन्द्रीय शासन प्रणालीको अवस्थामा देशका सबै क्षेत्रमाथि जसरी यिनीहरुले वर्चस्व कायम राखी राखेका छन्, त्यस्तो संघीय शासनमा सम्भव हुने छैन । संघीय स्वरुप स्थापित भयो भने यस्तो वर्चस्व १०-१५ वर्षभित्र अन्त्य हुने लगभग निश्चित छ । यही कारण हो जसले गर्दा पहाडी ब्राह्मण, क्षेत्री-ठकुरी वा नेवारले सदैव केन्द्रीकृत राज्य व्यवस्थाको वकालत गर्दै आएका छन् । राजा पृथ्वीनारायण र तिनका सन्ततिहरुको विस्तारवादी भूमिका र सत्ताको लिप्सालाई नेपालको एकीकरणको प्रयास भन्दै पृथ्वीनारायण शाह जस्ता नककट्टा र दाइजोको माग गरी नारीको अपमान गर्ने राजालाई नेपालका नायक र रत्नको श्रेणीमा राखेर व्याख्या गर्ने षडयन्त्रको पनि यही कारण हो ।♣ यसै स्वार्थबाट प्रेरित भएर राजा पृथ्वीनारायणलाई राष्ट्र- निर्माताको पदवी भिराइयो । नेपालका विभिन्न भाषा र संस्कृतिलाई दबाएर गोरखाली भाषा र भेषभूषाको प्रचार-प्रसारको पछाडि पनि यही एकमात्र स्वार्थको भूमिका रहेको छ । एउटै राजा-एउटै भेषको नारा दिएर देशका अन्य संस्कृति र भाषालाई तहसनहस गर्ने दुष्चक्र यहींबाट शुरु भएको हो ।

नेपालले विगत ६० वर्ष भित्र २००७, २०४६ र २०६३ गरी तीनवटा जनविद्रोह आयोजित गरिसकेको छ । यसका अलावा यसै अवधिभित्र २०१८, २०३०, २०३६ ,२०४२ मा राजसत्ताका बिरुद्ध विद्रोहका प्रयासहरु भएका छन् तथा माओवादी जनयुद्धको रक्तपातपूर्ण प्रयोग पनि भएको छ । ६० वर्ष भनेको नेपाली नागरिकको औसत आयु जति हो । यस अवधिभित्र भएका यी तीनवटै सफल ऐतिहासिक जनविद्रोहहरु तथा सर्वसत्तावादका बिरुद्ध भएका अन्य सबै सघर्षहरु लोकतान्त्रिक जनअधिकारका लागि भएका हुन् र सबै राजसत्ताको खिलाप नै केन्द्रित रहेको छ तैपनि राजशाहीको अन्त्य अहिलेसम्म हुन सकेको छैन । हरेक विद्रोहको सफलतापछि सदैव जनताको खिलाप रहने राजशाहीलाई नेताहरुले नै राष्ट्रीयताका लागि आवश्यक भनेर झूठो व्याख्या गरी संरक्षण दिने कार्य गर्दै आएका छन् । यस तथ्यको गहिराइमा जाने हो भने जानाजान वर्चस्ववादी राजशाहीको बीउ राखिराख्ने जस्तो प्रवृतिको कारण पनि नेताहरुको जातिय वर्ग चरित्र नै रहेको सजिलै बुझ्न सकिन्छ ।

हरेक विद्रोहपछि नेताहरुले कुनै न कुनै रुपमा राजशाहीको बीज राख्दै आए पनि नेपाली जनताको राजनैतिक बुझाइमा हरेक पटक गुणात्मक प्रगति भएको देखा पर्दै आएको छ । नेपालको प्रगति र जनअधिकारको ग्यारन्टीका लागि २३७ वर्षीय शाहवंशीय शासनको अन्त्य र प्रतिस्पर्धी लोकतान्त्रिक गणतन्त्रको स्थापना जरुरी रहेको कुरा नेपालीले जनता अब राम्ररी बुझिसकेका छन् । त्यस्तै जातिय प्रभुत्त्वबाट मुक्तिका साथै समतावादी समाजको निर्माणतिर अगाडि बढ्न राज्यको संघीय पुनःसरचनाको अब विकल्प छैन भनने कुरा पनि मधेसी तथा पहाडी जनजाति एवं दलितहरुको मनमा घर गरिसकेको छ । संघीय शासनको बढ्दो आकांक्षा जनताको यसै बुझाइलाई अभिव्यक्त गर्दछ ।

## के हो राज्यको संघीय संरचना ?

कुनै देशमा संघीय शासन भनेको त्यस देशको संप्रभुतालाई क्षेत्रीय र केन्द्रीय स्तरमा परिभाषित गरी विभाजन गर्नु हो । संप्रभुताको यस्तो विभाजन देशको मूल कानून सविधानबाटै भएको हुन्छ । देशको शासन केन्द्रीय

---

♣हेर्नोस् : Heroes and Builder's of Nepal by Rishikesh Sah तथा मकवानपुरकी सेन राजाकी छोरी इन्द्रकुमारीसंग गोरखाली राजा पृथ्वीनारायाणको विवाह र एकदन्त हाथी तथा नौलखा हारको ऐतिहासिक प्रकरण ।

सरकार र राज्य अथवा प्रदेश जस्ता राजनैतिक इकाइहरुमा रहेको  प्रान्तीय सरकारहरुबाट गरिन्छ । केन्द्रीय र प्रान्तीय सरकारका कार्य क्षेत्र र अधिकार छुट्याइएका हुन्छन् तथा दुबैको आ-आफ्नो व्यवस्थापिका र न्यायपालिकाहरु हुन्छन् । यी सबै यावत् कुराहरु संविधानद्वारा परिभाषित हुन्छन् । यसको ठीक विपरित एकात्मक शासन प्रणाली भएको देशमा शक्तिका सम्पूर्ण श्रोत केन्द्रित रहेको एउटै मात्र सरकार हुन्छ ।

संघीय प्रणालीमा कानूनको निर्माण केन्द्रीय र प्रान्तिय व्यवस्थापिकाहरुबाट गरिन्छ । नागरिकहरुले आफ्नो प्रान्तका कानूनहरुका साथै देशका केन्द्रीय कानूनहरुको पनि पालना गर्नु पर्दछ । उदाहरणका लागि अमेरिकाको कैलिफोर्निया राज्यका वासिन्दाले अमेरिकी काँग्रेस र कैलिफोर्नियाको व्यवस्थापिका दुबैले बनाएको कानून मान्नु पर्ने हुन्छ । त्यस्तै अमेरिकी केन्द्रीय सरकार र कैलिफोर्नियाको प्रान्तिय सरकार दुबैको चुनावमा उसले मतदान गर्नेछ र दुबैद्वारा संचालित विकास निर्माण र अन्य कार्यक्रमहरुमा निज सहभागी हुनेछन् । कैलिफोर्नियाको नागरिकको हैसियतले पाउने सुविधाका साथै अमेरिकी नागरिकले पाउने सुविधा समेत निजले पाउनेछन् । यस्तो प्रणालीमा प्रान्तिय सरकारले पाएको स्वतन्त्रता र स्वायत्तताको स्तर विभिन्न देशमा फरक-फरक हुन्छन् । यो आपसी सहमतिद्वारा तय गरिन्छ । सामान्यतया केन्द्रीय सरकारले सम्पूर्ण देशसंग सम्बन्ध राख्ने मुद्दाहरु मात्र हेर्ने गर्दछ । सेना, विदेश मामिला, ठूल-ठूला राजमार्ग र उद्योग, मौद्रिक नीति आदिको कार्य केन्द्रीय सरकारको हातमा हुन्छ ।

संघीय शासनको अवधारणाको जन्म भाषा, संस्कृति, रहन-सहन, भूगोल अथवा तत्कालिन राजनैतिक परिस्थितिको मागको आधारमा सिमाना जोडिएका विभिन्न देशका नागरिकहरुको एकबद्ध भएर बस्ने, सामूहिक हितका कुराहरुमा संयुक्त निर्णय र कार्यनीति अंगाल्ने प्रवृतिको विकासबाट भएको हो । स्वरुपको हिसाबले मात्र हेर्ने हो भने हाम्रा पौराणिक चक्रवर्ती राजाहरुको विशाल साम्राज्यहरुलाई पनि संघीय स्वरुपको एउटा प्रकारको रुपमा व्याख्या गर्न सकिन्छ जहाँ उक्त साम्राज्य अन्तर्गत रहने देशहरु सम्राटको अधीनता स्वीकार गर्दै केही वार्षिक कर बुझाउने गर्थे । तर वास्तविक शासन (सम्राटको आपत्ति नहुने कुराहरुमा) स्थानीय राजाहरुले नै चलाउँथे । मुगल साम्राज्य, औपनिवेशिक कालका साम्राज्यहरु पनि यस्तो उदाहरण अन्तर्गत पर्न सक्तछन् । बाइबलकालिन धार्मिक शासनको क्षेत्रलाई धार्मिक संघीय स्वरुपको रुपमा लिन सकिन्छ जहाँ धर्मगुरुहरु शासनलाई प्रभावकारी रुपमा निर्देशित गर्ने गर्थे । एउटा धर्मगुरुको धार्मिक शासनमा कैयन् राज्यहरु पर्थे । तर यस्ता उदाहरणहरुलाई राज्यको संघीय संरचनाको रुपमा लिनु हुन्न । ती विशाल साम्राज्यहरुलाई साम्राज्य भन्नु नै उपयुक्त होला र धार्मिक शासन अन्तर्गत आउने राज्यहरुलाई पनि धार्मिक साम्राज्य भन्नु नै सही अभिव्यक्ति होला ।

राज्यको राजनैतिक स्वरुपको रुपमा संघवाद( **Federalism**)को जन्म एउटै भूगोल, संस्कृति, भाषा, रहन-सहन, पहिरन आदिका कारणले मिल्दो-जुल्दो राज्यहरुमा तात्कालिन राजनैतिक, आर्थिक, सुरक्षा आदि दृष्टिले विद्यमान परिस्थितिवश एकबद्ध भएर बस्ने आवश्यकताको बोधबाट भएको हो । यसले राज्यहरुको स्वतन्त्र अस्तित्त्व, स्वायत्तता र स्वाभिमानलाई स्वीकारेर तिनीहरुको एकताले बनेको स्वरुपलाई जनाउँदछ ।♦ **Federal** शब्दको उत्पत्ति लैटीन शब्द **fidere** बाट भएको छ जसको अर्थ हो विश्वास गर्नु । संघीय शासन प्रणाली अन्तर्गत रहेका प्रान्तहरु स्वायत्त रहे पनि केन्द्रीय सरकारले सबै प्रान्तहरुका लागि भलो गर्ने विश्वासका साथ आफ्ना केही महत्त्वपूर्ण अधिकारहरु केन्द्रमा सुम्पेका हुन्छन् । जर्बजस्ती वा अधीनता अथवा पराजयको संघीय मान्यतामा स्थान छैन । संघीय स्वरुप भएको देशको प्रमुख चरित्र उसको केन्द्रीय र प्रान्तिय सरकारमा शक्तिको वितरण र तिनीहरुको बीचमा हुने गर्ने समन्वय र संयोजन हो । क्षेत्रीय वा केन्द्रीय कुनै पनि सरकार मनोमानी किसिमबाट शक्तिको प्रयोग गर्न पाउँदैन । शक्तिको अभ्यासको क्षेत्र संघीय संविधानले स्पष्टसंग परिभाषित गरेको हुन्छ प्रारम्भमा राज्यहरुको मजबूत केन्द्रीय संयोजन अर्थात केन्द्रीय सरकारको वकालत गर्नेहरुलाई संघवादी (**Federalist**) र मजबूत राज्य तथा कमजोर केन्द्रीय सरकारको वकालत गर्नेहरुलाई (**Anti-federalist**) भनिन्थ्यो तर लोकतान्त्रिक देशहरुमा दुबैको व्यवहारिक पक्ष समान देखिएको हुनाले अहिले आएर यस्तो भिन्नताको अन्त्य भएको छ ।

## संघीय स्वरुप र लोकतन्त्र :

संघीय स्वरुपको उपलब्धिमूलक अभ्यासका लागि देशमा बहुलवादी लोकतन्त्र हुनै पर्छ । फेरि लोकतन्त्रमा संघीय स्वरुप भयो भने त्यसले बहुलवादी लोकतन्त्रलाई थप उर्जा प्रदान गर्दै जान्छ । यसरी राज्यको संघीय संरचना र बहुलवादी लोकतन्त्र एक अर्काका लागि मलिलो भूमि हुन् । संघीय स्वरुपमा जनतालाई प्राप्त हुने दोहरो नागरिकताका कारण लोकतन्त्रमा जनताको सहभागिता बढेर जान्छ । देश साना प्रान्तिय राजनैतिक इकाइहरुमा

---

♦ Albert Dicey and James Bryce, have been influential in the early theory of federalism. Dicey identified two conditions for the formation of a federal state. The first was the existence of a body of countries "so closely connected by locality, by history, by race, or the like, as to be capable to bearing, in the eyes of their inhabitants, an impress of common nationality." The second condition is "the desire for national unity and the determination to maintain the independence of each man's separate State".

विभाजित रहनाले पनि राजनैतिक र आर्थिक र विकाससंग सम्बन्धित अभ्यासहरुमा जनताको बढी सहभागिताको स्वाभाविक वातावरण बन्द्छ । जनता आफूसंग सम्बन्धित कुराहरुबारेको निर्णय प्रक्रियामा समावेशित हुने बढी अवसर पाउँदछन् । एकात्मक शासन प्रणालीमा जस्तै सामान्यतया संघीय शासन प्रणालीमा सरकारले जनताको अधिकारलाई छेक्ने वा प्रतिबन्धित गर्ने काम गर्न सक्तैन । मौलिक हकहरुलाई प्रतिबन्धित गर्ने अधिकार प्रायसः केन्द्रीय सरकारसंग मात्र हुन्छ र त्यो पनि विशेष परिस्थितिमा मात्र । यस्तो अधिकार प्रयोग गर्ने आवश्यकता युद्ध बाहेक अन्य बेलामा विरलै पर्दछ । प्रान्तिय सरकारसंग यस्तो अधिकार नै हुँदैन । संघीय शासन प्रणाली भएको देशका जनतासंग एउटा राज्यबाट आफूलाई उपयुक्त हुने राज्यमा बसाईं सर्ने अधिकार हुन्छ अर्थात वसोवास सम्बन्धी रोजाईका विकल्पहरु हुन्छन् । यसका अलावा प्रान्त-प्रान्तमा विकास र प्रगतिको प्रतिस्पर्धाका कारण राजनैतिक नेतृत्व र प्रतिनिधिहरुमा बढी सक्रियता हुन्छ ।

एकात्मक शासन प्रणालीमा केन्द्रीय सरकारसंग असिमित शक्ति हुन्छ । केन्द्रीय सरकारले कुनै नगर वा अन्य प्रशासनिक इकाइलाई आफ्नो कुनै कानूनी शक्ति कानूनी प्रक्रियाद्वारा विकेन्द्रित गरेर दिन सक्तछ तर त्यसलाई जुनसुकै बेला त्यसै प्रक्रियालाई उल्टो गरी फर्काउन पनि सक्तछ । लोकतान्त्रिक एकात्मक सरकारहरु यस्तो विकेन्द्रिकरणमा बढी विश्वास राख्द्छन् । एकात्मक शासन प्रणाली एउटै किसिमको संस्कृति, भाषा, रहन-सहन, भूगोल अर्थात एउटै राष्ट्र भएको देशमा बढी उपयुक्त र फलदायी हुन्छ । जुन देशको जनसंख्यालाई फरक-फरक संस्कृति, भाषा, रहन-सहन, तथा फरक भौगोलिक अवस्थाहरुमा विभाजित गर्न सकिन्छ अर्थात जुन देशमा एक भन्दा बढी राष्ट्रहरुको उपस्थिति हुन्छ त्यहाँ सकभर ती राष्ट्रहरु छुट्टिने गरी प्रान्तहरुको निर्माण गरी स्वायत्त संघीय शासन प्रणालीलाई अंगाल्नु बढी श्रेयष्कर हुन्छ । ती प्रान्तहरुका सरकार आ-आफ्नो आवश्यकता अनुसार योजना निर्माण गरी विकासका कार्यहरु संचालन गर्छन । प्रान्तीय संस्कृति, भाषा, रहन-सहन, परम्परा आदिलाई विचार गरी प्रान्तीय कानूनहरुको निर्माण हुन्छ । यसले गर्दा एकातिर त्यस प्रान्तको संस्कृति, भाषा, रहन-सहन आदिको संरक्षण हुन्छ भने अर्को तर्फ प्रान्तीय श्रोत साधन र केन्द्रीय अनुदानको प्रयोग गरी आवश्यकता अनुसारको विकास नीति, योजना आदिको तर्जुमा सम्भव हुन्छ । केन्द्रीय सरकार रक्षा, विदेश र अन्य प्रमुख मामिलाहरु मात्र व्यवस्थित गर्दछ । प्रान्त-प्रान्तको बीचमा रहने दूरी एकातिर प्रान्तीय स्वतन्त्रताको अनुभव गराइरहेको हुन्छ भने केन्द्रीय सरकार तथा अन्य केन्द्रीय संवैधानिक निकायहरु सबैलाई जोड्ने गौरवशाली भावनात्मक एकबद्धताको प्रत्याभूति दिइ रहन्छ ।

## संघीय शासन र नेपालको सन्दर्भ :

वास्तवमा नेपालको जनसंख्यालाई नश्लीय हिसाबले हेर्ने हो भने अपवादको रुपमा निग्रो (negroid) झाँगड बाहेक यसको सम्पूर्ण जनसंख्या मंगोल (mongoloid) तथा आर्य (caucasus) मूलबाट निर्मित छ । तैपनि पहाडी आर्यहरु जसलाई अचेल खस समूहको भनी भनिन्छ सत्ता प्राप्त भएपछि लगभग २३७ वर्ष पहिलेदेखि आफूलाई आर्य (भारतीय) मूलभन्दा फरक देखाउने प्रयत्न गर्दै आएकोले, तिनको आफ्नै मानसिकतामा त्यस प्रचारको गम्भीर असर परिसकेकोले र नेपालभन्दा बाहिरका विदेशी समाज पनि यी खस समूहलाई मधेसका आर्य मूलका नागरिकहरुभन्दा फरकको भनी बुझ्न थालेकोले वर्त्तमान परिपेक्ष्यमा नेपालको सम्पूर्ण वसोवासलाई चार भागमा बाँडेर अध्ययन गर्नु उपयुक्त हुने छ । ती हुन् :- **१.सेतामगुराली**[♠] अर्थात पहाडी जनजाति, २. **खस** अर्थात पहाडी आर्यमूलको जनसंख्या ३. **मधेसी** अर्थात मधेसको आर्यमूलको जनसंख्या तथा ४.काठमाण्डौं उपत्यकामा केन्द्रीत रहेको **नेवार** जनसंख्या । यस विभाजनलाइ अलि फरक शब्दमा खस विद्वानहरुले पनि स्वीकारेका छन् । डा. हर्क गुरुङको शब्दमा नेपाल देशको उठान काठमाण्डौं उपत्यकाबाट भएको हो । नेवारहरुले मंगोल मूलकालाइ **'सें'** (भोटे), ककेसई मूलकालाइ **'खें'**(खस) तथा मधेसकालाई **'मर्स्या'** नाम दिएका थिए ।[⊗]

पृथ्वी नारायण शाहको पालादेखि गोरखा राज्यको विस्तार प्रारम्भ भएपछि खस जातिहरुमध्येको शासक वर्ग ब्राह्मण, क्षेत्री, ठकुरीको पहिलो शिकार सेतामगुरालीहरु भए । सबभन्दा बढी प्रतिरोध पनि सेतामगुरालीहरुबाट नै हुने गरिएको हुनाले एकातिर शाहवंशीय राजा एवं उनका क्षत्रधारीहरुले यिनको दमनतिर ध्यान केन्द्रीत गरे भने अर्कोतिर तिनै शासकवर्गको प्रमुख घटक पहाडी ब्राह्मणहरुको अगुवाईमा धर्म, संस्कृति, भाषा तथा सामाजिक मान्यताहरुलाई अतिक्रमित गर्ने सिलसिला आरम्भ गरियो । पृथ्वी नारायण शाहले किरात सेतामगुरालीहरुको धार्मिक मान्यता दमन गर्न आफ्नो विस्तारित राज्यलाई 'असिल हिन्दुस्थाना' भने । पछि वि.स. १९१० मा जातिभेदवादी मुलुकी ऐन लादियो । उक्त ऐनले सबै जाति, जनजाति, समुदायलाई तागाधारी, मतवाली र तल्लो जातका रुपमा वर्गीकृत गर्यो । यसरी किरात मगुरालीहरुलाई पहिले सैन्यबलले त्यसपछि सांस्कृतिक र धार्मिक रुपमा र अन्तमा जातिवादी विभेदी मुलुकी ऐनको प्रयोग गरेर मानसिक रुपमा पंगु बनाउने काम भयो । यसरी मानसिक रुपमा

---

[♠] सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बु ।

[⊗] हेर्नोस् : रोधी वर्ष ३ अंक ९ , २०६२ काठमाण्डौं

आफ्नो अनुकूल ढालिसकेपछि विद्रोहको क्षीण सम्भावनालाई पनि न्यून गर्न यी खस शासक समूहले पहाडका सम्पूर्ण जनसंख्या गैरभारतीय मूलको भएको पनि प्रचार गर्न थाले । यसबाट उनीहरुलाई दुइटा फाइदा भयो । धेरै हदसम्म सेतामगुराली र मधेसको जनसंख्यालाई मूलको आधारमा कुरा गरी विभाजित गर्न सफल भए भने अर्कोतिर शासन र वर्चस्वका लागि आफ्नो आदि मूललाई बिर्सेर आफूलाई सेतामगुराली झैं पहाडी आदिवासीको रुपमा त्यहाँका रैथानेहरुबीच स्थान बनाउन सके । यस प्रक्रियाले दक्षिणमा एकदम फरक राष्ट्रको रुपमा रहेको हुनाले विद्रोहको पर्याप्त सम्भावना बोकेको मधेसलाई अलग-थलग राख्न खस शासक समूहलाई थप सहयोग भयो ।

यी सबै कार्यपछि खस शासकवर्गले शासक खस जातिहरुका साथै तल्लो खस जातिलाई समेत लिएर पहाडका सबै क्षेत्रहरुमा बसाई-सराईं गरी गराइ त्यसरी नै जनसंख्यालाई सन्तुलित गर्ने काम गरे जसरी राजा महेन्द्रले आफ्नो शासनकालमा मधेसको जनसंख्या सन्तुलित गर्न पहाडी जनसंख्यालाई मधेसको जंगल फरानी गराएर वसोवास गराउने काम गरेका थिए । वास्तवमा त्यो उनका पूर्वजहरुले सेतामगुरालीहरुको बिरुद्ध गरिएको जनसंख्या सन्तुलनको षडयन्त्रको नयाँ संस्करण मात्र थियो । यस सन्दर्भमा एउटा कुरा अरु विचारणीय छ । पश्चिमी पहाडी नेपालको परिस्थिति केही मात्रामा भिन्न छ । उक्त क्षेत्रमा वासोवास गर्ने जनसंख्याको मिश्रण पूर्वी पहाडी नेपाल जस्तो छैन । अपेक्षाकृत पहाडी ब्राह्मणको जनसंख्या कम छ, क्षेत्री-ठकुरीहरु बढी छन् । १८५७ मा प्रथम भारतीय स्वतन्त्रता आन्दोलनताका भारतमा अंग्रेज शासन बिरुद्ध भारतीय सैनिकहरुले विद्रोह गरी स्वतन्त्रताको लडाईं शुरु गर्दा नेपालका खस शासकहरुले भारतीय स्वतन्त्रताकांक्षी सैनिकहरुलाई दबाउन नेपालबाट उल्लेखनीय सैनिक सहयोग गरे बापत प्राप्त नयाँ मुलुकमा जनसंख्या सन्तुलीकरणको प्रक्रिया पछि मात्र शुरु भएकोले पश्चिमी पहाडी नेपालको स्थिति अलि फरक रहेको हो ।

काठमाण्डौ उपत्यकामा पृथ्वीनारायण शाहबाट किर्तिपुर र अन्य स्थानमा भएको नृशंस कार्यहरुले गर्दा नेवारहरुमा उत्पन्न वितृष्णा तथा सम्भावित विद्रोहलाई दबाउन शाहवंशीय तथा खस शासक समूहले एकातिर सैनिक ताकतमा लगातार बृद्धि गर्दै त्यसको पूर्ण नियन्त्रण क्षेत्री र ठकुरीमा सिमित राखे भने अर्कोतिर प्रशासनिक कार्यहरुमा मध्यमवर्गीय नेवारहरुलाई बढी मौका प्रदान गरेर उनीहरुलाई दङ्ग पार्ने नीतिको अवलम्वन गरे । दरबार सामाजिक र धार्मिक आयोजनहरुमा नेवारहरुसंग नजिकिने लगातार कोशिश गरी रह्यो । मल्लकालिन नेपालमा मधेससंग विकसित काठमाण्डौ उपत्यकाको सम्बन्धलाई न्यून गर्ने रणनीति प्रति यी खस शासकवर्ग त्यतिकै संवेदनशील थिए ।

मधेस यी सबै क्रियाकलापमा अलग-थलग राखियो । मधेसको आफ्नो भूमि, संस्कृति र भाषाप्रतिको मोह एवं बसाई-सराईप्रति न्यून रुचिलाई ध्यानमा राख्दै शाहवंशीय राजा एवं खस शासकवर्गले सकभर मधेसबाट कर र अन्न संकलन गर्ने तर पहाडी इलाकासंग सम्पर्कमा आउन नदिने रणनीति अङ्गालेका थिए । चारकोसे झाडी मधेस र पहाडको बीचमा त्यसै पनि ठूलो प्राकृतिक बारको रुपमा कार्य गरिरहेको थियो । मधेसले विद्रोह नगरोस् गरे दमन गर्न सहयोग होस् भनेर अंग्रेजहरुलाई खुशी पार्ने हरेक काममा यी खस शासकहरुले पूरा ध्यान दिदै आए । जयप्रकाशनारायण, राममनोहर लोहिया र तिनका साथीहरु सप्तरी र महोत्तरीमा लुकेर आउँदा राणाहरुले तिनलाई पक्रेर अंग्रेजहरुलाई जिम्मा लगाउने पूरा कोशिश गरेका थिए । सप्तरीमा गिरफ्तार जयप्रकाश नारायण र उनका साथीहरुलाई राणाहरुको चंगुलबाट छोडाउन मधेसीहरुले सशस्त्र आक्रमण गर्नु परेको थियो भने महोत्तरीको महदैया गाउँमा त्यतिखेर बस्नु भएको राममनोहर लोहिया लगायतका उनका साथीहरुलाई सुरक्षित स्थानमा सार्न त्यहाँका मधेसीहरु सफल भएका थिए ।

यसरी पहाडका सेतामगुराली र विभिन्न जातिहरुसंग शुरुदेखि भेदभावपूर्ण व्यवहार गरिए पनि तिनहरुलाई मानसिक रुपमा दमित गरेर खस शासक समूहले निर्माण गर्न खोजेको एउटा नयाँ राष्ट्रमा समेट्ने प्रयास गरिएकै हो तर मधेससंग सदैव फरक र पराजित राष्ट्रको रुपमा व्यवहार भएको छ । मधेसमा बस्ने थारु, अवधी, मैथिल, राजवंशी सबैलाई भारतीय मूल भनेर छुट्याइयो जबकि पौराणिक कालका राजा जनक, जानकी, गार्गी, मैत्रेयी, याज्ञवल्क्य, अष्टावक्र, भारद्वाज, सुकदेव, आदिका कथाहरुलाई बाद गरेर हेर्दा पनि २५०० वर्षभन्दा पहिले कपिलवस्तुमा गौतम बुद्ध तथा लगभग त्यसै बेलामा जनकपुरको बेला गाउँमा मा जैन मुनि ........को जन्म भइसकेको थियो । मधेसीहरुलाई नेपालको सबैभन्दा पुराना र आदिवासी प्रमाणित गर्न यसभन्दा बढी कुनै प्रमाणको आवश्यकता छैन ।

जे भए पनि यहाँ छलफल नेपालको भावी संरचनाको बारेमा भइरहेको थियो र हामीले नेपालका वासिन्दाहरुलाई फरक-फरक दृष्टिकोणले हेर्ने प्रयास गरिरहेका थियौं । माथि उल्लेखित तथ्यहरुबाट नेपाललाई यहाँका वासिन्दाहरुको आधारमा निम्न क्षेत्रका रुपमा विभाजित गर्न सक्तछौं - मूलतः मधेसीहरुको वसोवास भएको **मधेस**, मूलतः खस र सेतामगुराली मिश्रित भएर वसोवास गर्ने **पूर्वी पहाड**, नयाँ मुलुकको **पश्चिमी पहाड** तथा मूलतः नेवारहरुको थलो **काठमाण्डौं उपत्यका** । यसरी संस्कृति, भाषा र वसोवासको हिसाबले नेपालको प्रान्तीय विभाजन गर्ने हो भने **मधेस**, **पूर्वी पहाड**, **पश्चिमी पहाड** तथा **काठमाण्डौं उपत्यका** गरी चारवटा प्रान्तको निर्माण गरिनु उपयुक्त हुने देखिन्छ । तर यस निर्णयमा पुग्नुभन्दा पहिले हामीलाई अरु कसौटीहरुको कसीमा यस संवेदनशील कुरालाई कस्नु

आवश्यक हुनेछ । त्यसकारण नेपालमा प्रान्तीय शासनको आवश्यकताका वास्तविक कारणहरुबारे अध्ययन गर्नु त्यतिकै जरुरी छ ।

## किन चाहिन्छ नेपालमा संघीय प्रणाली ?

नेपालमा संघीय शासनको आवश्यकता छ तर यो त्यसै लै-लैमा वा कुनै देशको नक्कल गर्नको लागि पक्कै होइन । राजनीतिमा लागेकाहरुका लागि बढी भन्दा बढी अवसरको खोजी गर्न वा कसैको अहं तुष्टिका लागि पनि यहाँ प्रान्तिय संरचनाको निर्माण गरिनु आवश्यक छैन । जातिका आधारमा विभाजित भएर अझै जातिय असमानताको अमानवीय पीडाको पर्खालको मजबूतीका लागि वा नेपालीहरुको उर्जा अनावश्यक तथा मूढतापूर्ण जातिय द्वन्द्वमा बर्बाद गर्न पनि निश्चय नै यहाँ प्रान्तीय विभाजन गर्नु परेको होइन ।

लगभग २३७ वर्षदेखि कायम रहेको खस शासक समूहको वर्चस्व समाप्त गरी समानतामा आधारित समाजको निर्माणको दिशामा अग्रसर हुन, सम्पूर्ण नेपालीहरुका लागि विकासका समान अवसर तथा सहभागिताको वातावरण निर्माण गर्न एवं नेपाली-नेपालीका बीचमा विकास, अवसर, सहभागिता, साधन-श्रोत, आदिका सन्दर्भमा अहिलेसम्म भइरहेको भेदभावले गर्दा उत्पन्न दुराव समाप्त गरी सबै क्षेत्रका नेपाली नागरिकहरुलाई स्वनिर्णयको सम्भवसम्म बढी अवसर दीइ एकताको बलियो आधार खडा गर्न – नेपालमा प्रान्तिय शासन प्रणालीको आवश्यकता छ । संघीय शासनको आवश्यकताका केही महत्त्वपूर्ण कारणहरुलाई निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ –

- मूल, भाषा, धर्म, संस्कृति आदिका आधारमा भेदभावपूर्ण स्थितिमा रहेकाहरुलाई सम्मानित उपस्थितिको आभास गराउँदैं राजनैतिक, आर्थिक र अन्य मामिलाहरुमा स्वनिर्णयको अधिकार प्रदान गर्न ।
- विभिन्न क्षेत्रमा व्याप्त खस शासक समूह अर्थात पहाडी ब्राह्मण, क्षेत्री-ठकुरी र नेवारको वर्चस्वलाई नियन्त्रित गरी समतामा आधारित समाजको निर्माणतिर अगाडि बढ्न ।
- अब स्थापित हुने लोकतान्त्रिक गणतन्त्र नेपालमा समावेशीकरणका निमित्त बढी अवसर र प्रवेशद्वार उपलब्ध गराउन ।
- विकासको स्तरमा अहिले देखिएको राज्यको पक्षपात र विभेदपूर्ण लगानी♦को अन्त्य गरी प्रान्तीय स्तरमा योजना र विकासको रणनीतिको निर्माण तथा देश र प्रान्तको साधन-श्रोतको अधिकतम उपयोग गर्न ।
- नागरिकहरुलाई अहिलेको भेदभावपूर्ण वातावरणबाट मुक्तिको प्रत्याभूति गराउँदै योग्यतानुसार अवसरको प्राप्तिको प्रणालीको विकास गर्न ।
- भाषा, संस्कृति, साहित्य लगायत आफ्नो पहिचान तथा आ-आफ्नो गौरवशाली इतिहास र परम्पराको संरक्षण गर्न ।

यसरी नेपालमा संघीय शासनको आवश्यकता देशको प्रगति, नागरिककहरुको समान अधिकार, हरेक क्षेत्रका नागरिकहरुको ससम्मान गौरवशाली पहिचान र राजनैतिक-आर्थिक-सामाजिक अवसरको वितरणमा भेदभावरहित व्यवहारको ग्यारन्टीका लागि आवश्यक छ । किनभने ब्राह्मण, क्षेत्री-ठकुरी र नेवार बाहेक पहाडका सेतामगुराली, दलित र अन्य जाति तथा त्यसभन्दा पनि बढी सम्पूर्ण मधेसका नागरिकहरुसंग वर्त्तमान एकात्मक शासन प्रणालीले राजनैतिक-आर्थिक-सामाजिक अवसरको वितरणमा विभेदपूर्ण नीति र शोषण कायम गर्दै आएको छ । यसको निदानको सम्भावना यस वर्त्तमान एकात्मक शासन प्रणालीमा छैन । त्यसकारण ब्राह्मण, क्षेत्री-ठकुरी र नेवार बाहेक पहाडका सेतामगुराली, दलित, अन्य जाति तथा सम्पूर्ण मधेसका नागरिकहरुलाई नेपालमा संघीय शासनको अपरिहार्य आवश्यकता हुन गएको छ ।

यस सम्बन्धमा एउटा अर्को कुरा पनि विचारणीय छ । एउटा देशभित्रको कुनै एक समुदाय वा क्षेत्रका वासिन्दा वा अन्य कुनै हिसाबले फरक छुट्याइएर भेदभावपूर्ण अवस्थामा बाच्न बाध्य गरिएको जनसंख्याको समस्यालाई सम्बोधन गरी विश्वसनीय समाधानको बाटो दिइदैंन भने देशको शान्ति र स्थिरता खलबलिन्छ । यस्तो भेदभावमा परेको क्षेत्र अलगाववादतिर तानिन सक्छ । यस्तोमा क्षेत्र, मूल, भाषा, धर्म, संस्कृति आदिका आधारमा देशलाई स्वायत्तता प्राप्त प्रान्तहरुमा विभाजन गरी जनतालाई स्वनिर्णयको अधिकार दिएर मात्र देशको एकतालाई सुदृढ गर्न सकिन्छ । नेपालको वर्त्तमान स्थिति यस्तै छ ।

---

♦ हेर्नोस् नेपालको विभिन्न जिल्लामा विगत ५७ वर्षमा भएको प्रति व्यक्ति लगानीको तथ्यांक र यस सम्बन्धी अन्य सूचनाहरु ।

## नेपालमा प्रान्तीय विभाजन सम्बन्धी केही प्रमुख प्रस्तावहरु :

**डा. हर्क गुरुङ्ग**ले नेपालमा विकेन्द्रीकरणको सम्बन्धमा लेख्नु भएको एउटा शोध-प्रवन्धमा* देशको वर्त्तमान प्रशासनिक विभाजनहरु उपयुक्त नरहेको ठहर गर्दै देशलाई २५ जिल्लाहरुमा विभाजित गरेर ती जिल्लाहरुमा विकेन्द्रीकरणको नीति अन्तर्गत बढी अधिकार प्रदान गर्ने सिफारिस गर्नु भएको छ । संघीय शासनको मागको वर्त्तमान परिपेक्ष्यमा त्यस शोध प्रबन्धको अब त्यति सान्दर्भिकता नदेखिए पनि त्यस विभाजनको प्रस्तावबाट डा. गुरुङ्ग मधेस र मधेसीप्रति पूर्वाग्रही तथा मधेसको भाषा, संस्कृति र मधेसीको राजनैतिक, सामाजिक तथा आर्थिक विषयहरुमा आम सहभागिताको बिरोधी रहेको स्पष्ट हुन्छ । काठमाण्डौं उपत्यकालाई वहाँले एकीकृत गर्ने धारणा राख्नु भएको छ ।



चित्र नं. १

**गोविन्द न्यौपाने**ले राज्यको पुन:संरचनाको बारेमा आफ्नो विचार राख्दै “जातिय समानता, सामाजिक न्याय र समान विकास अवसरका लागि मात्र होइन, नेपालको भावी समृद्धि र समुन्नतिका लागि पनि नेपाललाई प्रदेशहरुमा विभाजित गर्नु र जातिय स्वायत्तताका आधारमा संघात्मक व्यवस्थाको स्थापना गर्नु आवश्यक र उपयुक्त हुन्छ” - भन्नुहुन्छ ।◆ वहाँले जातिय आधारमा नेपालको विभाजन गर्नु भएको तर एउटै इतिहास, रहन-सहन, संस्कृति र विगत वर्षहरुमा राज्यबाट एउटै किसिमको विभेदी व्यवहार खेप्दै आएको मधेसलाई ४ टुक्रामा विभाजित गर्नु भएको छ । काठमाण्डौं उपत्यकाको सन्दर्भमा भने वहाँको विचार स्वतन्त्र प्रादेशिक एकीकृत उपत्यकाको अस्तित्त्वको पक्षमा नै छ ।




चित्र नं. २

---

* हेर्नोस् हिमाल पाक्षिक (१६-२९ फागुन २०५८) विकेन्द्रीकरणको जुक्ति : जिल्ला सुदृढीकरण पच्चीस जिल्लको नयाँ नेपाल ।

◆ बहुजातिय संघात्मक राज्य र समावेशी लोकतान्त्रिक शासजन प्रणाली - गोविन्द न्यौपाने , नेपालको सन्दर्भमा राज्यको पुन:संरचना : सम्पादक सीताराम तामांग ।

**नेकपा माओवादी**ले नेपालको संघीय संरचनाको खाका प्रस्तुत गर्दै जातिय आधारमा नेपालको प्रादेशिक विभाजनको विचार अगाडि सारेको छ । काठमाण्डौंलाई अन्य प्रस्तावहरु झैं यस खाका अन्तर्गत पनि स्वतन्त्र प्रदेशको रुपमा प्रस्तावित गरिएको छ तर मधेसलाई जसको भूगोल, इतिहास, संस्कृति, भेष, रहन-सहन आदि एक छ त्यसलाई मधेस र थारुवान भनी दुई भागमा विभाजित गर्न खोजिएको छ । वर्गीय चरित्रमा विश्वास गर्ने तथा साम्यवादको आदर्शलाई मानेर हिड्ने नेकपा माओवादीद्वारा यसरी नेपाली समाजमा विद्यमान जातिय संरचनालाई आधार मानेर गरिएको प्रादेशिक विभाजन तथा जातिय स्वायत्त शासनको प्रस्तावलाई कतिपयले शंकाको दृष्टिले देखेका छन् । यस प्रस्तावलाई राज्य र समाजमा केही खस जातिहरुको वर्चस्व तथा विभेदी नीतिका कारण मधेस र पहाडी जाति जनजातिमा उत्पन्न आक्रोसलाई राजनैतिक समर्थनमा रुपान्तरणको प्रयास भनेर हेर्नेहरु पनि छन् । तै पनि माओवादीहरुले प्रस्तुत गरेको प्रादेशिक विभाजनको प्रस्ताव एउटा राजनैतिक दलद्वारा संघीय स्वरुपको सम्बन्धमा प्रस्तुत पहिलो प्रस्ताव हो । यसले नेपालको संघीय शासनप्रति माओवादीको वचनवद्धतालाई अभिव्यक्त गरेको छ ।

माओवादीहरुको प्रस्तावमा ९ वटा प्रदेशको कल्पना छ । मधेसलाई अनावश्यक रुपमा दुई भागमा बाँड्ने धारणा राखिएको छ । सम्पूर्ण मधेसको एउटा इतिहास, रहन-सहन तथा भेषमा समानता, सांस्कृतिक एकरुपताका साथै एउटै भोगोलिक अवस्थिति भएको हुँदा यसको विभाजन चित्त बुझ्दो देखिन्न । थारु मधेसी जनसंख्याको एउटा अंग हो । मधेसको विभाजनको प्रस्तावले माओवादीहरु पनि सम्पूर्ण मधेस एउटै प्रदेशको रुपमा राखियोस् भन्ने कुराको बिरोधी देखिन्छन् जो पृथ्वीनारायण शाहको पालादेखि[♣] मधेसप्रति राखिने गरिएको शंका तथा डरको अवशेष जस्तो बुझिन्छ ।

बढी प्रदेशको संख्याले देशको स्थायी खर्च बढाउने हुँदा ९ वटा प्रदेशमा देशको विभाजन नगरी सांस्कृतिक र विकासको सन्तुलन कायम गर्न ४/५ वटा प्रदेश र सो अन्तर्गत स्वशासित प्रखण्डहरुको व्यवस्था उपयुक्त हुने देखिन्छ ।




चित्र नं. ३

माओवादीहरुको धारणासंग मिल्दो-जुल्दो हुने गरी **अमरेश नारायण झा**ले १० वटा प्रदेश र मधेसको चारवटा भागको सिफारिस गर्नु भएको छ । वहाँले भाषिक स्थितिलाई बढी महत्त्व दिनु भएको छ । **थारु, अवधी, भोजपुरी, मिथिला, किरात, नेवार, तामाङ्ग, तमुवान, मगराँत** तथा **महाकाली-कर्णाली** प्रदेशहरुमा नेपालको विभाजन गरी संघात्मक शासन व्यवस्था अपनाउनु उपयुक्त हुने वहाँको विचार छ ।

त्यस्तै **नरहरिआचार्यले** नदीहरुको आधारमा १. मेचीदेखि कोशीसम्म, २. कोशीदेखि बागमतीसम्म, ३. बागमतीदेखि नारायणीसम्म, ४. नारायणीदेखि राप्तीसम्म तथा ५. राप्तीदेखि महाकालीसम्मको प्रादेशिक विभाजनको प्रस्ताव राख्नु भएको छ । मधेस भौगोलिक अवस्थिति, स्थानीय पहिरन र हावापानी आदिको दृष्टिले समान भएको उललेख गरे पनि वहाँद्वारा मधेसको पाँच भागमा विभाजनको प्रस्ताव बुझी नसक्नु छ ।[⊗]

**डा. पिताम्बर शर्मा** यी सबै प्रस्तावहरुभन्दा फरक उत्तर देखि दक्षिणसम्मको प्रादेशिक विभाजनको प्रस्ताव प्रस्तुत गर्नु भएको छ ।[♥] वहाँको प्रस्ताव अहिले विकास क्षेत्रको विभाजनभन्दा फरक छैन । त्यस्तो प्रदेश र जिल्लाहरुलाई बढी

---

[♣] पृथ्वीनारायण शाहले मधेसीलाई दरबार तथा फौजसंग अलग राख्ने धारणा व्यक्त गरेका थिए ।

[⊗] हेर्नोस् नरहरि आचार्य - प्रादेशिक/अवधारणा, नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना : सम्पादक सीताराम तामांग ।

[♥] पिताम्बर शर्माको नयाँ नेपाल ( भावी नेपालको नागरिक पहल- २, २०६३को लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक प्रादेशिक स्वरुप विषयक पेनल बहसमा प्रस्तुत अवधारणा )

भन्दा बढी स्वायत्तता दिनुपर्ने वहाँको धारणा छ । यसले देशमा रहेको केही खस जातिहरुको वर्चस्व तथा मधेस एवं पहाडी जनजातिको शोषण-उत्पीडनलाई महत्त्व दिएको तथा सम्बोधन गरेको देखिन्न ।




चित्र नं. ४

**परमेन्द्र कुमार भगत** उपत्यकाहरुको आधारमा जम्मा तीनवटा प्रदेशको कल्पना अघि सार्नु भएको छ । वहाँले कोशी, गण्डकी र कर्णाली तीन नदीहरको सिंचित प्रदेशलाई महत्त्व दिंदै प्रदेशको विभाजन र यी तीनवटा प्रदेशको राजधानीको रुपमा उदयपुर, चितवन र सुर्खेतलाई सिफारिस गर्नु भएको छ ।* चितवनले संघाईको रुप लिन सक्ने वहाँको भनाई छ । नेपालमा केही खस जातिहरुको वर्चस्व तथा पहाडी जाति एवं जनजाति तथा मधेसीको उत्पीडन, शोषण र आपत्तिजनक विभेदको स्थिति नरहेको भए परमेन्द्रको कल्पना ज्यादै उपयुक्त अर्थ राख्थ्यो तर अहिलेको स्थितिमा यस्तो विभाजनले मधेस तथा पहाडी जनजातिहरुलाई सम्बोधन गर्ने छैन ।




चित्र नं. ५

## निष्कर्ष र सुझाव :

* http://www.paramendra.com

लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको स्वरुपका बारेमा सम्पूर्ण देशभरि बहस जारी छ। धेरै सुझाव र धारणाहरु आइसकेका छन् तर अधिकांशमा नेपालको समस्यालाई पूर्णतः जातिय समस्याको रुपमा बुझ्ने र व्याख्या गर्ने प्रयास भएको छ। कतिपय विद्वानहरु समस्याको गहिराइलाई राम्ररी बुझे तापनि अन्ततः जातिय समाधानमै आएर संकुचित हुनु भएको छ। कतिपयले देशको विभाजन नदी र उपत्यकाको आधारमा गर्नु पर्ने मान्यता राख्दछन त कतिपयले उत्तर-दक्षिणलाई समेटेर प्रान्तहरुको निर्धारणमा जोड दिएका छन्। सामान्यतया पहाडी जनजाति र दलितको हितलाई ध्यानमा राख्नेहरु जातिय आधारमा प्रान्त बनाउने धारणा राखेको देखिन्छ भने खस शासक समूह मध्येकाहरु राष्ट्रवादको कुरा गरेर उत्तर-दक्षिणलाई समेटेर प्रान्त वा प्रदेश निर्धारण गर्ने धारणा व्यक्त गर्दछन्। यी दुबैले मधेसलाई महत्त्व दिएका छैनन् र यसलाई जातिय आधारमा टुक्रा-टुक्रामा विभाजित गर्ने प्रस्ताव राख्दछन्। मधेसलाई खस समूहका शासकवर्गले मात्र होइन पहाडी दलित र जनजातिले पनि नकारात्मक दृष्टिले हेर्ने गरेको भान हुन्छ।

नदी वा उपत्यकाको आधारमा प्रान्तीय विभाजनको कुनै अर्थ छैन किनभने यसले देशलाई विभाजित र पहिलेभन्दा सानो राजनैतिक इकाइभन्दा बढी अरु केही दिन सक्तैन। त्यस्तै उत्तर-दक्षिणलाई मिलाएर बनाइएका प्रान्तहरु क्षेत्रीय विकासमा सन्तुलनको अभिष्ट प्रदान गर्न सक्तैन। यसले वर्त्तमान खस शासक समूहलाई नै फाइदा पु-याउने छ। यो समूह अहिलेभन्दा पनि बढी ताकतवर भएर निस्कने छ।

संघीय शासन मधेस र पहाडी जनजाति तथा दलितहरुको आवश्यकता हो त्यसकारण संघीय संरचना मधेस र पहाडी जनजाति तथा दलितहरुलाई नै ध्यानमा राखेर निर्धारित हुनु पर्दछ। मधेस हरेक किसिमले (भूगोल, भाषा, संस्कृति र वसोवासको आधारमा) फरक छ। नश्लीय दृष्टिकोणले यसलाई २३७ वर्षदेखि फरक मूलको भन्दै कण्ठ फोरेर भन्ने गरिएको छ। त्यस्तै काठमाण्डौं उपत्यकाका नेवारहरु पनि छन्। मधेसीहरु नेपालका शहरी क्षेत्रहरुमा अलि-अलि देखा परे पनि पहाडी भूभागमा बसाइ सरेका छैनन्। नेवारहरुमा पनि बसाइ सर्ने प्रवृति अपेक्षाकृत कमै देखिन्छ। त्यसकारण महाभारतभन्दा दक्षिणको भूखण्ड अर्थात मधेस* र काठमाण्डौं उपत्यका अर्थात नेवारी प्रदेशलाई सिङ्गो मधेस र काठमाण्डौं उपत्यकाको रुपमा राखेर पहाडी र हिमाली क्षेत्रको विभाजन त्यहाँको दलित र जनजातिहरुलाई बढी अवसर पाइने किसिमबाट गरिनु आवश्यक हुनेछ।

पहाडी र हिमाली क्षेत्रमा विस्तारै उत्तर अर्थात हिमालतिर जनसंख्या कम हुँदै गएको तथा पूर्वी र मध्य पहाडमा सेतामगुरालीको बाहुल्य र तथा खस जातिहरुको वसोवास रहेको हुनाले पूर्वी र मध्य पहाडको क्षेत्रफललाई सन्तुलित गर्न तीन प्रखण्डहरुमा विभाजित गरी एउटा प्रदेश बनाइनु पर्दछ। पश्चिमी पहाडमा क्षेत्री-ठकुरी तथा दलित जनजातिको बाहुल्य र सेतामगुरालीको वसोवास रहेको हुनाले पश्चिमी पहाडलाई एउटा प्रदेश तथा जनसंख्या र क्षेत्रफलको सन्तुलन मिलाउन दुई प्रखण्डहरुमा विभाजित गर्नु उचित होला।




चित्र नं. ६

---

* प्रस्तुत नक्सामा मधेसको भूभाग छुट्याउन हालको दक्षिणी जिल्लाहरुको सीमानालाई आधार मानिएको छ। वास्तवमा मधेसको सिमाना महाभारतभन्दा दक्षिणको भूखण्ड कायम गर्नु पर्छ।

मधेस र काठमाण्डौं उपत्यकालाई अलग प्रदेश बनाई बाँकी पहाडी भूभागलाई पूर्वी र पश्चिमी पहाडका रुपमा विभाजित गरिनु बढी उपयुक्त देखिन्छ । मधेसलाई भाषा, जातिय बाहुल्य तथा गौरवशाली इतिहासको आधारमा **विराट, मिथिला, कपिलवस्तु** तथा **अवध** प्रखण्डहरुमा, पूर्वी पहाडलाई **किरात, सैलुङ्ग** र **त्रिशुली** प्रखण्डहरुमा र पश्चिमी पहाडलाई **धौलागिरी** र **कर्णाली** प्रखण्डहरुमा र काठमाण्डौ उपत्यकालाई एउटै प्रखण्ड (**sector**)मा विभाजित गरी प्रदेशहरु भित्रका विभिन्न जाति, जनजाति तथा भाषाभाषीहरुको छुट्टै सम्मानित स्थान निश्चित गरिनु पर्दछ । यसरी सम्पूर्ण नेपाललाई **पूर्वोत्तर, पश्मिोत्तर, मधेस र काठमाण्डौं गरी** जम्मा ४ वटा प्रदेशमा र ती चारवटा प्रदेशहरुलाई १० वटा प्रखण्डहरुमा विभाजित गरिनु बढी उपयुक्त होला ।

## लोकतान्त्रिक संघीय गणतान्त्रिक नेपालको राजनैतिक प्रशासन (**Political governance** ) :

जनताप्रति जिम्मेवार नहुने शाहवंशीय राजतन्त्रको हामीसंग लामो अनुभव छ । राजा वा अन्य कुनै पनि प्रकारको राष्ट्रप्रमुख जो जनताप्रति प्रत्यक्ष रुपमा जिम्मेवार हुँदैन त्यसबाट नेपालको भलो सम्भव छैन । जहाँसम्म राजतन्त्रको कुरा छ यसको कुनैपनि संस्करण अब नेपाली जनतालाई स्वीकार्य हुने छैन । जनआन्दोलनको एजेण्डा र मर्म विपरित हुने यस्तो कुराको चर्चा समेत गैरमुनासिब छ । त्यस्तै १०४ बर्षिय राणा प्रधानमन्त्रीहरुको तानाशाही शासनमा नेपालको टाट पल्टेकै हो । त्यस कालो अवधिलाई नेपालको सन्दर्भमा अन्धकारको युग भने पनि हुन्छ ।

प्रजातान्त्रिक सरकारका निर्वाचित प्रधानमन्त्रीहरु मध्ये अधिकांश क्षेत्रमुखी नै देखिए । प्रतिनिधिसभामा बहुमतको आधारमा चल्ने संसदीय प्रधानमन्त्रीय प्रणालीका अवगुणहरु मध्ये पार्टीमुखी, क्षेत्रमुखी र प्रतिनिधिसभाका सदस्यहरुको मोलतोलको दबाबमा प्रधानमन्त्री रहनु परेको बाध्यता हामीले देखेका छौं । कमजोर बहुमतको अस्थिरता र त्यसले प्रतिगमनवादीहरुले पाउने गरेको मौकालाई पनि हामीले भोग्दै आएका छौं । मजबूत र संतोषजनक बहुमतका प्रधानमन्त्रीहरुको नातावादी झुकाव र अन्य अमान्य प्रवृतिहरुसंग नेपाली जनता परिचित नै छन् । अतएव अबको संघीय गणतान्त्रिक नेपालमा प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित तथा केन्द्रीय व्यवस्थापिकाप्रति प्रत्यक्ष रुपमा जिम्मेवार राष्ट्रपतिय पद्धतिको आवश्यकता छ । यस्तो पद्धतिले हिमाल, पहाड, मधेस सम्पूर्ण देशको समस्या बुझ्न सक्ने नेतृत्त्वदायी समूहको विकास गर्नेछ । यस्तो पद्धतिमा नेपालको मधेस, पहाडको जनजाति तथा दलित एवं पहाडी ब्राह्मण-क्षेत्री/ठकुरी र नेवार लगभग बराबर जनसंख्या भएको तीनवटै समूहको मन जित्न सक्ने मात्र नेपालको सत्तामा पुग्न हुन सक्ने छन् । कुनै एउटा समूहको बोलबाला असम्भव जस्तै हुनेछ । त्यसकारण मधेस र पहाडको जनजाति तथा दलितमाथि हुने विभेद द्रुत गतिमा अन्त्य हुँदै जानेछ । राष्ट्रपति **केन्द्रीय व्यवस्थापिका**प्रति सामूहिक रुपमा आफ्नो मन्त्रीपरिषद सहित जिम्मेवार हुनेछ ।

केन्द्रीय व्यवस्थापिका **प्रतिनिधिसभा** र **राष्ट्रीयसभा** गरी दुई सदनात्मक हुनेछ । पहिलोको चुनाव बालिग मताधिकारद्वारा हुनेछ भने अर्कोमा राजनैतिक दलहरुले वा स्वतन्त्र अथवा तिनका समूहले प्राप्त मतको प्रतिशत अनुसार विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिने तथा विभिन्न जाति वा वर्गको प्रतिनिधित्त्व गर्ने व्यक्तिहरुलाई मनोनित गर्नेछ । प्रतिनिधिसभा र राष्टीयसभाको व्यवस्थापकीय अधिकार संविधानद्वारा परिभाषित हुनेछ । केन्द्रीय सरकारको कामकाज नेपाली र प्रदेशका मुख्य भाषाहरुमा हुनेछ । यस्तो प्रयोजनका लागि केन्द्रीय व्यवस्थापिकाले आवश्यकता अनुसार अन्य भाषालाई समेत मान्यता दिन सक्नेछ ।

प्रदेश स्तरमा प्रत्यक्ष निर्वाचनमा निर्वाचित **प्रादेशिक व्यवस्थापिका**को नेता प्रादेशिक सरकारको मुख्यमन्त्री हुनेछ जो प्रादेशिक व्यवस्थापिकाप्रति सामूहिक रुपमा आफ्नो सम्पूर्ण मन्त्रीपरिषदका सदस्यहरु सहित जिम्मेवार हुनेछन् । प्रादेशिक व्यवस्थापिका पनि दुई सदनात्मक हुनेछ । पहिलो **प्रदेशसभा**को निर्वाचन प्रदेशका बालिग नागरिकहरुले प्रत्यक्ष मतदानबाट गर्नेछन् भने **प्रादेशिक जातियसभा**मा राजनैतिक दलहरुले वा स्वतन्त्र अथवा तिनका समूहले प्राप्त मतको प्रतिशत अनुसार विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिने तथा विभिन्न जाति वा वर्गको प्रतिनिधित्त्व गर्ने व्यक्तिहरुलाई मनोनित गर्नेछ । प्रादेशिक व्यवस्थापिकालाई सेना, विदेश मामिला जस्ता विषयहरुमा बाहेक प्रदेशसंग सम्बन्धित अन्य सबै विषयमा कानून बनाउने अधिकार हुनेछ । प्रदेशमा सबभन्दा बढी बोलिने भाषा प्रदेशको मुख्य भाषा हुनेछ । प्रदेशमा बोलिने अन्य भाषाहरुलाई पनि प्रादेशिक व्यवस्थापिकाले सरकारी कामकाजका निमित्त मान्यता दिन सक्नेछ । प्रदेशको मुख्य भाषा, नेपाली तथा मान्यता प्राप्त प्रादेशिक भाषाहरुमा सरकारी कामकाज हुनेछन् । प्रखण्डको प्रशासन प्रदेश सरकारबाट नियुक्त निकायले गर्नेछ तर त्यस निकायमा नियुक्त हुने व्यक्ति त्यसै प्रखण्डका नागरिक हुनेछन् ।

**न्यायिक व्यवस्था (Judiciary)** : न्यायपालिका पूर्ण रुपमा स्वतन्त्र हुनेछ । प्रखण्ड अदालत, प्रादेशिक अदालत र सर्वोच्च अदालत गरी तीन तहका अदालतहरु हुनेछन् । प्रखण्डमा आवश्यकता अनुसारको संख्यामा तथा प्रदेशहरुमा १/१ प्रादेशिक अदालतहरु हुनेछन् । राष्ट्रीय न्यायिक समितिले प्रखण्ड स्तरमा न्यायधीशहरुको नियुक्ति गर्नेछ । तर यस्तो नियुक्ति गर्दा प्रखण्ड स्तर कै नागरिकहरुबीच प्रतिस्पर्धा गराउनु पर्नेछ । प्रादेशिक न्यायालयका न्यायधीशहरुको

चयन प्रखण्डहरुका न्यायधीशहरुबाट तथा सर्वोच्च अदालतका न्यायधीशहरुको छनौट प्रादेशिक न्यायालयका न्यायधीशहरुबाट गरिनेछ ।

**सेना र प्रहरी (Army & Police)** : लोकतान्त्रिक संघीय गणतान्त्रिक नेपालको सेना केन्द्रीय व्यवस्थापिकाको अधीन रहनेछ । सेनाको वर्त्तमान स्वरुपलाई पूर्णतः राष्ट्रीय स्वरुपमा रुपान्तरित गरिनेछ । सेनामा भर्नाको कोटा प्रदेशहरुको जनसंख्याको प्रतिशतबाट निर्धारित गरिनेछ । प्रदेशको भर्ना कोटामा सम्बन्धित प्रदेश कै नागरिक भर्ना हुन पाउने छन् ।

सशस्त्र केन्द्रीय बल ( Armed Police Force) केन्द्रीय सरकारको अधीन हुनेछ । सशस्त्र केन्द्रीय बलमा भर्नाको कोटा प्रदेशहरुको जनसंख्याको प्रतिशतबाट निर्धारित गरिनेछ । प्रदेशको भर्ना कोटामा सम्बन्धित प्रदेश कै नागरिक भर्ना हुन पाउने छन् ।

जनपद प्रहरी प्रादेशिक सरकारका अधीन हुनेछन् । यसमा सम्बन्धित प्रदेश कै नागरिक भर्ना हुन पाउने छन् ।

**लोक सेवा आयोग (Public Service Commission)** : निष्पक्ष प्रतिस्पर्धा मार्फत लोक सेवा आयोगबाट कर्मचारीहरुको छनौट हुनेछ । केन्द्रीय सरकारका र प्रादेशिक सरकारका गरी कर्मचारीहरु दुइ वर्गमा विभाजित रहनेछन् । केन्द्रीय सरकारका कर्मचारीहरुमा प्रादेशिक जनसंख्याको प्रतिशतको आधारमा आरक्षणको व्यवस्था हुनेछ । प्रादेशिक सरकारका कर्मचारीहरुमा प्रदेशका नागरिक मात्र भर्ना हुन पाउनेछन् । राष्ट्रीइ संस्थानहरुमा भर्नाको प्रक्रिया केन्द्रीय सरकारका कर्मचारीहरु भैं हुनेछ । महिला र दलित तथा जनजातिका लागि आवश्यक ठाने सम्बन्धित व्यवस्थापिकाहरुले आरक्षणको व्यवस्था गर्न सक्नेछन् ।

दिगोशान्ति, लोकतान्त्रिक गणतन्त्र तथा मधेसी र पहाडी दलित-जनजातिसंग राज्यद्वारा शाहवंशीय राज्य विस्तारपछि निरन्तर भइरहेको विभेदपूर्ण व्यवहार, नीति र क्रियाकलापको अन्त्य सम्पूर्ण नेपाली जनताको महान जनआन्दोलन २०६३ मार्फत प्रस्तुत मागहरु हुन् । यसको प्राप्ति सशस्त्र द्वन्द्वको समाप्ति गरी अभिव्यक्ति र बिरोधका शान्तिपूर्ण तरीकामा अटूट विश्वास, प्रतिस्पर्धी लोकतान्त्रिक गणतन्त्र तथा स्वायत्त संघीय शासन मार्फत मात्र सम्भव छ । वास्तविक समावेशीकरणको बाटो पनि यही नै हो । माथि प्रस्तुत गरिएका विचारहरु यसै भावनाले अभिप्रेरित छ ।

## धन्यवाद :


- अमरेश नारायण झा - संघीय शासन व्यवस्थाको आधारमा राज्यको पुनःसंरचना ।
- गोविन्द न्यौपाने- बहुजातिय संघात्मक राज्य र समावेशी लोकतान्त्रिक शासजन प्रणाली , नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना : सम्पादक सीताराम तामांग ।
- डा. हर्क गुरुङ्ग, हिमाल पाक्षिक (१६-२९ फागुन २०५८) विकेन्द्रीकरणको जुक्ति : जिल्ला सुदृढीकरण पच्चीस जिल्लको नयाँ नेपाल
- नरहरि आचार्य - प्रादेशिक/अवधारणा, नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना : सम्पादक सीताराम तामांग ।
- परमेन्द्र कुमार भगत, Federalism for NepaL : Three States , http://www.paramendra.com
- पिताम्बर शर्मा – नयाँ नेपाल, ( भावी नेपालको नागरिक पहल- २, २०६३को लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक प्रादेशिक स्वरुप विषयक पेनल बहसमा प्रस्तुत अवधारणा )
- रिसीकेश शाह Heroes and Builder's of Nepal
- रोधी वर्ष ३ अंक ९ , २०६२ काठमाण्डौ ।
- शीतल झा - संविधानसभाके विषयमे आवश्यक बात ।
- सीताराम तामांग, सम्पादक - नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना